
सादर नमस्कार

# उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन

भोलाप्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत
दक्षिणकाली नगरपालिका

२०७९।२।१९र २०

# उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि छलफल

- के हो उपभोक्ता समिति ?
  - बहुल सरकारको एउटा महत्वपूर्ण पाटो हो ।
  - प्रतिफल उपभोग गर्ने लाभग्राहिको पूर्ण संलग्नता (Total Involvement) र आफ्नो समेत लागत सहभागितामा आफ्नै लागि आफै काम गर्ने सार्वभौभ जनताको समूह समूहकार्य, समूह शक्ति ।
  - विकासको Bottom UP approach को उपयुक्त उधाहरण ।
- नगरसभाबाट पारित दक्षिणकाली नगरपालिकाबाट कार्यान्वयन गरिने विकास निर्माण सम्वन्धि आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरु **दक्षिणकाली नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ मा** भएको व्यवस्थामा छलफल

# विद्यमान व्यवस्था

- आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट् अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमानै सात देखि एघार् (७ देखि ११) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।
- समिति गठनको लागि आमभेला हुने समय, मिति, स्थान र भेलाको बिषय् त्यस्तो भेला हुने मिति भन्दा कम्तिमा दुई दिन अगावै प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुलाई सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।
- उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा वडा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

# क्रमशः

- उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण, बजेट र प्रस्तावित समितिको संरचना सहितको जानकारी वडा कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।
- उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ समितिको खाता समितकका अध्यक्ष सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट संचालन गर्नु पर्ने छ ।
- **महिलाहरु मात्र संलग्न उपभोक्ता समिति गठन गर्न सकिने छ । यस प्रकार उपभोक्ता समिति गठन गर्दा लागत सहभागिता लाग्दैन। अन्य समितिको हकमा कामको प्रकृति अनुसार हुने ।**
- एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन ।साथै एकासगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाउने छैन ।

# क्रमशः

- उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ ।
- उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्ने गराउन पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।
- वडा कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख व्यवस्थित गरी राख्नु पर्नेछ ।
- आयोजना सम्झौताका लागि कार्यविधिको दफा ८ अनुसारका कागजातहरु संलग्न गरी फाईल तयार गरी व्यवस्थित रुपमा नगरपालिकामा पेश गर्नु पर्ने छ ।
- आयोजनाको कुल लागत ३ लाख वा सो भन्दा वढी भएमा उपभोक्ता समितिले काम सुरु गर्नु भन्दा अगावै कार्यविधिको अनुसूचि ५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्ने छ ।

# क्रमशः

- आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगाडी उपभोक्ता समितिले अनिवार्यरुपमा कार्यविधिको अनुसची ३ अनुसार वडा कार्यालयको कर्मचारीको रोहेवरमा सार्वजनिक परिक्षण गर्नुपर्ने छ ।
- उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना कार्यविधिको अनुसूची, ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने छ ।
- आयोजनाको कार्यान्वयनको अवस्था र अन्तिम भुक्तानी हुनु अघि नगरपालिकाबाट अनिवार्य अनुगमन गराउनु पर्नै छ ।
- यसमा लेखिएदेखि वाहेकका विषयहरु दक्षिणकाली नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०७४ बमोजिम हुने छ ।

# उपभोक्ता समितिका सदस्यको योग्यता

- सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा ।
- १८ वर्ष उमेर पुरा भएको ।
- फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
- सरकारी बाँकी बक्यौता वा पेश्की फर्छ्यौट गर्न बाँकी नरहेको ।
- अन्य उपभोक्ता समितिमा सदस्य, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक वा सार्वजनिक ओहोदामा आसिन व्यक्ति उपभोक्ता समितिमा बस्न पाईदैन ।

# क्रमशः

- आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी योजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न भेलाबाट सम्बन्धित वडाको वडा समिति सदस्यको नेतृत्वमा कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।
- माथि तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा वडा कार्यालयको सिफारिसमा नगरपालिकाले अन्य प्रकृयाद्वारा काम गराउन सक्नेछ ।

# कुनै जिज्ञासा भए

??????????

“धन्यवाद !”

